ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# अरूण उपत्यकामा प्रचलित नेपाली लोकगीतमा ज्योतिष

एकराज घिमिरे

टेलिकम टेक्निसियन, चैनपुर, सङ्खुवासभा

Ekughimire421@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77318

## लेखसार

अरुण उपत्यकामा प्रचलित लेपाली लोकगीतमा प्रयुक्त ज्योतिष चिन्तनको विश्लेषण गर्नु यो लेखको मूल विषय हो । सङ्खुवासभा जिल्लाको तुम्लिङटार केन्द्र भएको अरूण उपत्यकामा भोजपुर र धनकुटा जिल्लाका समेत केही स्थानीय तहरू पर्दछन् । लोकगीतले सम्पन्न यो उपत्यकामा प्रचलित अनेकौँ भाका र ती गीतका गायक एवम् सङ्कलकहरू विश्वभर छरिएका नेपालीहरू माझ प्रिय रहेका छन् । लोकगीत जनजिब्राका माध्यमबाट मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका लोकसाहित्यिक वस्तु हुन् । पूर्वीय शास्त्रहरूमा कालको गणनालाई ज्योतिष नाम दिइएको छ । काल गणनाका साथ ज्योतिषले शकुन तथा फलादेश र जातकको जन्मकुण्डलीका आधारमा पूर्वजन्म, वर्तमान अवस्था अनि भविष्यका फलहरूको समेत विवेचना गर्दछ । ज्योतिष लोक साहित्यिक नभएर शास्त्रीय विषय हो । प्रस्तुत लेखमा अरूण उपत्यकामा प्रचलित लोकगीतलाई प्राथमिक सामग्रीका रूपमा र ज्योतिषशास्त्रसँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत लेखमा अरूण उपत्यकामा प्रचलित लोकगीतमा शास्त्रीय विषयको ज्योतिषका के कस्ता पदावली, पारिभाषिक शब्द तथा मान्यताहरू पाइन्छन् भन्नेविषयको  खोजी गरिएको छ । लेखमा विश्लेषण विधिको अवलम्बन गरी अरूण उपत्यकामा प्रचलित लोकगीतहरूले ज्योतिषीय अवधारणालाई पनि विषय बनाएकान छन् भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* ज्योतिष, तुम्लिङटार, लोकगीत, वेद, शकुन

## विषयपरिचय

अरूण उपत्यकाको केन्द्र तुम्लिङटार समुद्र सतहबाट केवल ४५७ मिटर उचाइमा रहेको हुनाले यसलाई विश्वकै होचो उपत्यका मानिन्छ (लिम्बू, २०६८, पृ. ५)। तुम्लिङटारको पश्चिममा अरूण नदी रहेको छ भने पूर्वमा सभाखोला छ । अरूण पश्चिमका भूभाग षडानन्द नगरपालिका र अरूण गाउँपालिका भोजपुर जिल्लामा पर्दछन् । सभाभन्दा पूर्वमा सङ्खुवासभाको चैनपुर, मादी र पाँचखपन नगरपालिका अनि उत्तरमा सभापोखरी र चिचिला गाउँपालिका पर्दछन् । सभा र अरूण मिसिएपछि पिलुवा खोलाभन्दा दक्षिण अरूण पूर्व सङ्खुवासभाकै धर्मदेवी नगरपालिका पर्दछ भने धर्मदेवीभन्दा दक्षिण गएपछि अरूण पूर्वको भाग धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिकामा पर्दछ । धनकुटा र सङ्खुवासभाको सीमा केवा खोला हो । यसरी अरूण उपत्यकाले तीन जिल्लाका स्थानीय तहरू समेटेको छ ।

अरूण उपत्यकाको केन्द्र तुम्लिङटारमा एक आन्तरिक विमानस्थल रहेको छ । सो विमानस्थल बाहेक यस क्षेत्रका मूल ठाउँहरू राष्ट्रिय सडक सञ्जालमा जोडिएको एक दशक मात्रै पूरा हुँदै छ । अझसम्म सभापोखरी, पाँचखपन, षडानन्द, चिचिला आदि स्थानीय तहका केन्द्र कच्ची मोटरबाटोले मात्र जोडिएका छन् । त्यहाँ वर्षायाममा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
गाडी नपुग्ने अवस्था छ । पालिका केन्द्रभन्दा परका गाउँबस्तीमा मोटर पुग्न अझै एक दशक लाग्ने अनुमान गर्न सकिन्छ । यस क्षेत्रका मानिसहरू कृषि पेसामा नै पूर्ण रूपमा निर्भर छन् । विकासका पूर्वाधारहरूको कमी भएकाले यहाँका मौलिकताहरू यथावत् छन् । विकासले मौलिकतालाई नामेट पार्दै जान्छ । लोकगीत पनि समाजका मौलिक वस्तु नै हुन् । सडक विस्तार, सञ्चार सुविधा, वैदेशिक रोजगारी, बसाइँ सराइ र धर्म परिवर्तन जस्ता अनेक कारणले पछिल्लो दशकमा अरूण उपत्यकामा पनि मौलिक लोकभाका क्रमशः ओझेल पर्ने क्रम सुरु भएको छ । पछिल्लो समय सबैतिर लोकगीत छाँयामा पर्ने क्रम देखिए पनि खेमराज गुरुङले गाएको 'वारि जमुना, पारि जमुना...., जमुनको फेदैमा मनकामना....' कमलीकान्त भेटवालले गाएको 'झम्के गुलेली...' , नवीन खड्काले गाएको 'वारि तुवाँलो कमै पारि तुवाँलो...' लगायत सयौँ अरूण उपत्यकाका लोक भाकाले नेपाली मौलिकतालाई बचाउँदै सबै नेपालीमाझ चर्चा कमाएका छन् । यस क्षेत्रमा प्रचलित अनेक लोकगीतहरूमा ज्योतिष शास्त्रसँग सम्बन्धित शब्द, पदावली र मान्यताहरू समेत पाइएका छन् ।

वैशाख–जेठमा मकै गोड्दा बेँसीका गर्मीमा गोडेलो घन्किन्छ । त्यो बेला लेकका खर्कहरूमा हाक्पारे शैलीको गोठाले भाका घन्किन्छ । असार–साउनमा रसिया अनि बेठीमा पञ्चेवाजा रन्किन्छ । भदौमा तीजका गीत र सँगिनीमा आमाहरू कम्बर मर्काउँछन् । असोज–कार्तिक देउसी–भैलो, मालसिरी र मारुनीका तालमा लोक रमाउँछ । मङ्सिरमा बेँसीहरू दाइँगीतको लयले कर्मशील बन्छन् । पुष र माघमा लाग्ने अनेक मेला र हाटमा पालाम, हाक्पारे अनि विविध भाकाका जुवारीमा लोकजन रमाउँछन् । फागुन चैतमा नयाँ पालुवासँगै दाउरा काट्नेहरू, गोठालो जानेहरू, चौतारीमा भेला हुनेहरू अनेक बाह्रमासे गीतमा रमाउँछन् । यसरी विवेच्य क्षेत्रमा वर्षभरि नै अनेक अवसरमा फरक फरक लोकभाकाहरू प्रस्तुत भइरहन्छन् भने बाह्रमासे गीतहरू सदैव गाइन्छन् । यसरी अनेक अवसरमा गाइएका विभिन्न गीतहरूमा ज्योतिषशास्त्रसँग के कस्तो सम्बन्ध छ भन्ने विषयमा यो लेख केन्द्रित रहेको छ ।

पूर्वीय जगत्मा व्यापक चर्चा गरिएको ज्योतिष शास्त्रसँग विवेच्य क्षेत्रको लोकजीवन प्रभावित भएका हुनाले उनीहरूले गाउने लोकगीतमा पनि उक्त शास्त्रको प्रभाव पर्नुका साथै ज्योतिष शास्त्रका पारिभाषिक शब्दहरू समेत प्रयोग भएका छन् । सर्वसाधारणको मौखिक अकृत्रिम लोकसाहित्यिक रचनामा शास्त्रीय विषय ज्योतिषको प्रभाव कसरी पर्न गयो भन्ने अध्ययनको अर्को विषय हुन्छ । प्रस्तुत लेखमा अरूण उपत्यकामा प्रचलित लोकगीतमा पाइएका ज्योतिष शास्त्रका शब्द, मान्यता र पदावलीहरूको उदाहरणसहित खोजी गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा विश्लेषणका निम्ति प्रयुक्त प्राथमिक स्रोत अरूण उपत्यकामा प्रचलित लोकगीतहरू सङ्कलन गर्न क्षेत्रभ्रमण, छलफल, अन्तवार्ता आदि विधिको प्रयोग गरिएको छ । केही गीतहरू द्वितीयक स्रोत जस्तै पुस्तक, पत्रपत्रिका, इन्टरनेट, श्रव्य तथा श्रव्यदृश्य आदिको प्रयोग पुस्तकालयीय विधिबाट समेत गरिएको छ । विभिन्न स्रोतवाट सङ्कलित सामग्रीलाई यस अध्ययनमा तुलनात्मक र वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

### लोकगीतमा ज्योतिष

पूर्वमा ज्ञानको विशिष्ट शाखाका रूपमा ज्योतिषको चिनारी दिइएको पाइन्छ । खेमका (सन् २०१४) काअनुसार ज्योतिष वेदको छैटौं अङ्ग हो र पाणिनीले 'ज्योतिषामयनं चक्षुः' भनी यसलाई वेदपुरुषका चक्षुका रूपमा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
उल्लेख गरेका छन् (पृ. २५)। याजुषज्योतिषबाट उद्धृत गर्दै वाजपेयी (सन् २०१६) ले वेदमा ज्योतिषको प्रयोग काल गणना तथा यज्ञ सम्पादनका निम्ति भएको उल्लेख गरेका छन् :

वेदाहि यज्ञार्थमभिप्रवृत्ताः कालानुपूर्व्या विहिताश्च यज्ञाः

तस्मादिदं कालविधानशास्त्रं यो ज्योतिषं वेद स वेद यज्ञान्  (पृ १६) ।

यी विद्वान्का मतका आधारमा पूर्वीय जगतमा ज्योतिष शास्त्रको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको प्रष्ट हुन्छ । अरूण उपत्यकामा प्रचलित लोकगीतहरूमा पनि प्रशस्त मात्रामा काल गणनाका निम्ति प्रयोग हुने शब्दहरू जस्तै पल, निमेश, घडी, पला, सेकेण्ड, मिनेट, घण्टा, बार, तिथि, नक्षत्र, महिना, वर्ष, युग आदि प्रयोग भएका छन् । काल गणनाबाहेक ज्योतिष शास्त्रमा शकुनको पनि उत्तिकै महत्त्व रहेको छ । झा ( सन् १९९७) ले शकुनको प्रयोजन शीर्षकमा लेखेका छनः अन्यजन्मान्तरकृतं कर्म पुंसां शुभाशुभम् । यत्तस्यशकुनः पाकं निवेदयति गच्छताम् । अर्थात् मानिसको पूर्वजन्मार्जित जो शुभाशुभ कर्म कर्म छन् ती कर्महरूका शुभाशुभ फलको गमनकाल शकुनले प्रकाशित गर्दछ (पृ. ५००) । खेमका (सन् २०१४) काअनुसार शकुन शुभ र अशुभ दुई प्रकारका हुन्छन् । शुभ मुहुर्तमा शुभ शकुन प्राप्त हुँदा यात्रा अथवा कार्य आदि सफल हुने निश्चित हुन्छ (पृ. ३४) । खेमका (सन् २०१४) ले यात्राका समयमा बाच्छोसहितको गाई, छोरो बोकेकी आमा, बृद्ध व्यक्तिको शव बोकेको मलामी, पानीले भरिएका जोर घडा, दहीले भरिएको भाँडो आदि शुभ शकुन र काना व्यक्ति, औजार बोकी हिंडेको हजाम, विधवा ब्राह्मणी, रित्तो भाँडा आदि अशुभ शकुन भएको उल्लेख गरेका छन् (पृ. ३४) । खेमका (२०१४) ले ज्योतिषका तीन शाखाहरू रहेका उल्लेख गर्दै पहिलो शाखालाई सिद्धान्तस्कन्ध वा गणिततन्त्र, दोस्रो संहितास्कन्ध जसले समग्र व्रह्माण्डको कल्याणका निम्ति सिद्धान्तस्कन्धको समेत प्रयोग गरी सामूहिक हितमा फलादेश गर्दछ र तेस्रो शाखाचाहिं होरास्कन्ध अर्थात् जातकस्कन्ध हो जसले व्यक्तिको जन्मकुण्डलीका आधारमा जातकको पूर्वजन्म, वर्तमान अवस्था र भविष्यका फलहरूको ग्रह, राशि, द्वादश भाव आदिका आधारमा विवेचन गर्दछ भनेका छन् (पृ. २९–३०) । ज्योतिष शास्त्रका उल्लिखित तीन शाखाहरूमध्ये अरूण उपत्यकामा प्रचलित नेपाली लोकगीतमा ज्योतिषका उल्लेखित तीनवटै शाखाहरूको खोजी र विश्लेषण यस उपशीर्षकमा गरिएको छ ।

**ज्योतिषमा काल गणना गर्न प्रयोग गरिएका शब्द भएका लोकगीत**

काल गणनाका निम्ति ज्योतिष शास्त्रले प्रयोग गरेका पल, क्षण, निमेष, मुहूर्त, घडी, पला, बार, तिथि, मिति, महिना, ऋतु, युग आदि प्रयोग भएका लोकगीतहरू अरूण उपत्यकामा प्रचलित छन् । यहाँ कमलीकान्त भेट्टवालको एक गीतको अंश उदाहरणका लागि प्रस्तुत गरिएको छ :

छ मैना हिउँद, पाँच मैना बर्खा, एक मैना जेठ पनि

हौ झिमझिम परेली आँखैमा गायो, मायाले रुवायो ।

टाढाको माया नलाउनु रै'छ हुँदैन भेट पनि

हौ झिमझिम परेली आँखैमा गायो, मायाले रुवायो

प्रस्तुत गीतमा हिउँदका ६ महिना, बर्षात्का ५ महिना र बाँकी रहेको एक महिना जेठ भनी काल गणना गरिएको छ । गीतमा एक सौर्य वर्षका जम्मा बाह्र महिनाको सङ्केत गरेको हुँदा उक्त गीतको ज्योतिष शास्त्रको काल गणनासँग सोझो सम्बन्ध देखिन्छ । यसै प्रकारको नवीन खड्का र साथीहरूले गाएको अर्को गीतको अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ :

अघिलाई लाग्यो नि बैसाकै मैना पछिलाई लाग्यो जेठ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कहाँ छौ कहाँ नि हितैको माया हुन्न कि हाम्रो भेट ।

प्रस्तुत गीतांशंमा पनि वैशाख र जेठ महिना क्रमैसँग आएका छन् जो काल गणना गर्न ज्योतिष शास्त्रले प्रयोग गर्ने शब्दहरू हुन् । खेमका (सन् २०१४) काअनुसार तिथि, वार, नक्षत्र, योग र करणलाई पञ्चाङ्ग भनिन्छ (पृ. ३२) । यहाँ प्रचलित धेरै गीतहरूमा तिथि आएका छन् । उदाहरणका लागि खेमराज गुरुङले गाएको गीतको एक अंश प्रस्तुत गरिएको छ :

एकादशी बजारैमा, ए एकादशी बजारैमा

ए फन्के रोटी थालमा हे एकादशी बजारैमा । (गुरुङ, २०६९, पृ. १९)

प्रस्तुत गीतमा हरिवोधनी एकादशीका दिन तुम्लिङटारको सतीढुङ्गामा लाग्ने बजारको चर्चा छ । यहाँ बजारको नाममात्र आए पनि अरूण उपत्यका सांस्कृतिक अनुसन्धान केन्द्रले सङ्कलन गरी नवीन खड्काले गाएको तलको गीतको अंशमा भने पूरै तिथि र उक्त तिथिको महिमा पनि वर्णन गरिएको छ :

कोसी है को किनारैमा कल्ले लायो पूजा नि रगतैले भिज्यो देवीथान

आँसु है ले चोलिया भिज्यो नि, विरहले सुक्यो जीवै ज्यान ।

कात्तिकै महिनामा एकादशी व्रत लिनु, नित्य गर्नु तुलसीलाई ध्यान

सीतामाईको प्रीति छुट्यो कठैबरा शिव राम राम

प्रस्तुत गीतांशंमा कार्तिक महिनाको एकादशीमा व्रत लिनू र नित्य तुलसीको ध्यान गर्नुपर्छ भन्ने धार्मिक महिमा बताइएको छ । यसैगरी यहाँका धेरै गीतमा बार आएका छन् । उदाहरणका लागि एक अंश प्रस्तुत गरिएको छ :

बस बस मौरी आज बुधबार

रस लिन जाऊ मौरी अरूणै पार ।

प्रस्तुत गीतमा बुधबार शब्द आएको छ जुन काल गणनाकै एक अंश हो । विवेच्य क्षेत्रमा हरेलो डाँडामा हरेलोको दिन बजार लाग्छ । तीजपछि आउने मङ्गलबारलाई हरेलो भनिन्छ । यहाँका गीतमा हरेलो बाहेक चैनपुरको शुक्रबारे हाट, मुढे शनिश्चरेको शनिबारे हाट, मादी, पाँचखपन र धर्मदेवीको विहिबारे हाट पनि गीतमा आएका छन् । अझ हरेलो शब्दले त तिथि र बार दुवैको प्रतिनिधित्व गर्दछ । उदाहरणका लागि कमलीकान्त भेटुववालले गाएको गीतको एक अंश यहाँ प्रस्तुत गरिएको छ :

हरेलो बजार करेलो बेपार

ए हरेलो बजार करेलो बेपार

खाँदबारी चै लसुन प्याज हौ झम्के गुलेली

ए खाँदबारी चै लसुन प्याज हौ झम्के गुलेली

दोकाने कायाँ लाएको माया

ए दोकाने कायाँ लाएको माया

भएछ नि साउँ न ब्याज हौ झम्के गुलेली

भएछ नि साउँ न ब्याज हौ झम्के गुलेली ।

यहाँ प्रचलित कतिपय गीतमा पुरै मिति पनि आएका छन् । उदाहरणका लागि अरूण गाउँपालिका वडा नं. ६ मा स्थायी ठेगाना भएका वर्ष ३० का तेजेन्द्र गन्धर्वले प्रस्तुत गरेको हरिप्रसादको कर्खाको एक अंश यहाँ प्रस्तुत गरिएको छः

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

दुई हजार चौतीस साल मङ्सिरको मैना
अठार गते गा'को थियो शनिबारको दिन ।

तिथिमा आधारित चाडबाड मनाइने भएकाले त्यस्ता चाडका नाम आएका दशैं, तिहार, तीज, फागु, राम नवमी, हिउँद, वर्खा आदि प्रयोग भएका प्रशस्त गीतहरू यहाँ प्रचलनमा छन् । यहाँ केही ज्योतिषको काल गणनासँग सम्बन्धित शब्दहरू भएका गीतका अंशहरू उदाहरण स्वरूप प्रस्तुत गरिएका छन् :

क. वर्ष र दिनमा घुमेर आउने दशैं र तिहार
नबिर्से चेली आमा र बाबा जन्मेको माइतिघर
चैतको मास धगेँरी फुल्यो त्यै पारी बनैमा
न्याउली बास्दा नरोऊ है चेली पीर भो कि मनैमा ।

ख. आ है रमाइलो तिहार ..........................देउसुरे
आ है मनाऊँ है भाइ हो ......................देउसुरे

ग. हे.....खोलापारि मै माया लाउँदिन
हौ बर्खा लाग्यो आइर'न भ्याउँदिनँ
घिनघिन मादल ताल
ए नहुने रै'छ र हौ छुट्यो माया जाल
ए नहुने रै'छ र हौ छुट्यो माया जाल ।

यसरी अरूण उपत्यकामा प्रचलित लोकगीतमा प्रशस्त मात्रामा ज्योतिषको काल गणनामा प्रयोग हुने शब्दहरू आएका छन् । यहाँका लोकगीतमा ज्योतिष शास्त्रको काल गणनाको नियमको पालना गरिएको छ ।

**ज्योतिषमा बताइको शकुन र अपशकुनमा आधारित लोकगीत**

ज्योतिष शास्त्रसँग सम्बन्धित कतिपय शकुनहरूको प्रसङ्ग पनि यहाँका लोकगीतमा पाइन्छन् । उदाहरणका लागि मादी नगरपालिका वडा नं. ४, ओखरबोटेकी ५५ वर्षीया झलककुमारी बुढाथोकीले गाएको हरिमल्ल राजाको कथामा आधारित सँगिनीको एक अंश यहाँ प्रस्तुत गरिएको छ :

त्यहाँदेखि चले हरिमल्ल राजा
बाटैमा भेटे जोर घैला पानी
के राम्रो साइत
पर्ख न पर्ख नि पँधेर्नी दिदी
म पानी अचाउँछु है शिव
म पानी अचाउँछु ।

प्रस्तुत गीताशंमा यात्रामा रहेका हरिमल्ल राजाले जोर घैला पानी भेटेको हुँदा राम्रो साइत परेको प्रसङ्ग आएको छ । यात्राका बेला भरिएका भाँडा शुभ शकुन हुने माथि नै उल्लेख गरिसकिएको छ । यही प्रशङ्गको अर्को व्यक्तिले गाएको सँगिनीको अंश यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

त्यहाँबाट हिँडे हरिमल्ल राजा
बाटैमा भेटे जोर कैली गाई नि
........................

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

त्यहाँबाट हिँडे हरिमल्ल राजा
बटैमा भेटे जोर ठेकी दही
पर्ख न पर्ख हे जो ठेकी दही
प्रदक्षिण गर्दछु है हेर
प्रदक्षिण गर्दछु । (लिम्बू, २०६८, पृ. ९७)

प्रस्तुत अंशमा पनि गाई र दही ठेकी भेटिनु शुभ शकुन हो । शुभ शकुन भेटिएको खुशीमा हरिमल्ल राजा खुशी भइर गाईको पूजा गरेका अनि दही ठेकीलाई प्रदक्षिणा गरेका प्रशङ्ग आएका छन् । यसरी ज्योतिष शास्त्रले बताएअनुसारको शुभ शकुनको विषय यहाँका अनेक लोकगीतमा पाइन्छन् । यसैगरी चेली भेट्न जाँदा अपशकुन भएको प्रसङ्गको अर्को सँगिनीको एक अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छः

मूल ओछ्यानदेखि नि मझेरी आउँदा
शिरैको टोपी नि फत्रक्कै झरो
छैनन् है केँवरा ।
लौ रामै– राम श्री रामचन्द्र
छैनन् है केँवरा ।
तैपनि पापी मन बुझाउनै परो
जाऊ चेली भेटन ए मेरो बालै
जाऊ चेली भेटन । (निरौला, २०७०, पृ. ३२७)

प्रस्तुत गीताशंमा आमाको आग्रहमा केँवरा चेलीलाई भेट्न हिँडेका दाजुको मझेरी आइपुग्दै टोपी झरेको छ, सिकुवा आइपुग्दा पढुकी खुस्किएको छ, बलेँसीमा हातबाट छाता झरेको छ । यी सबै अपशकुन हुन् । आख्यानात्मक यो सँगिनीको कथामा ती चेलीको हत्या भएको कथन छ । यसरी हिँड्ने बेलाको अपशकुनले कार्यमा बाधा हुन्छ, सोचको कामको विपरीत परिणाम आउँछ भन्ने ज्योतिष शास्त्रको मान्यतालाई प्रस्तुत गीतको अंशले पुष्टि गरेको छ । यसैगरी तिहारको भैलेनी गीतमा भएको शकुनको अंश उदाहरण स्वरूप यहाँ प्रस्तुत गरिएको छ :

हरियो गोबरले लोट्यौ कि, लक्ष्मीलाई पुज्यौ कि ?
यो औँसीबार गाईतिहार भैलो ।
छानामाथि सिन्की, कन्ये केटीको बिन्ती
यो औँसीबार गाईतिहार भैलो । (लिम्बू, २०६८, पृ. १०४)

प्रस्तुत गीताशंमा धनकी देवी लक्ष्मीलाई स्वागत गर्ने उद्वेश्य सफल होस् भनी हरियो गोबरले लिप्नू, गाईको पूजा गर्नू भनी कन्ये केटीहरूले बिन्ती गरेका छन् । यी सबै शुभ शकुनका उदाहरण हुन् ।

यसरी अरूण उपत्यकामा प्रचलित नेपाली लोकगीतमा ज्योतिष शास्त्रको शकुनको मान्यता पाइन्छ । लोकजीवनका कतिपय शकुन र अपशकुनहरू ज्योतिषभन्दा फरक पर्न गए पनि ज्योतिष शास्त्रको उक्त मान्यता यहाँका लोकगीतमा यत्रतत्र पाइन्छन् ।

**ज्योतिषमा बताइको होरास्कन्धको मान्यता भएका लोकगीत**

ज्योतिष शास्त्रको तेस्रो क्षेत्र होरास्कन्ध अर्थात् जातकको कुण्डलीका आधारमा पूर्वजन्म, भूत, वर्तमान, भविष्य तथा पुनर्जन्मका बारेमा विवेचना गर्दछ । लोकमा जन्म समयका आधारमा भन्दा पनि जन्मेका छैटौँ दिनका दिन

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
बालकको भविष्य भावीले लेखिदिन्छिन् भन्ने विश्वास रहेको पाइन्छ । यो विश्वासको पुष्टि थापा (२०२०) ले सङ्कलन गरेको तलको एक गीतको अंशले गर्दछ

दार्जेलिङ ज्यानको नि हौ औतारी लामा ध्यान गर्छ हौ हजुर धर्मैमा
छैटीको दिनमा नि हौ के लेखिदियो अभागी हौ हजुर कर्मैमा (पृ.६०) ।

तर विवेच्य क्षेत्रका लोकगीतमा भने प्रशस्त मात्रामा ज्योतिषको होरास्कन्धलाई विश्वास गरेका प्रमाण छन् । जन्म समयका आधारमा ज्योतिष शास्त्रले प्रत्येक जातकको एक कुण्डली निर्माण गर्दछ र यसै कुण्डलीका आधारमा जीवन चल्दछ भन्ने मान्यता राख्दछ । लोकजीवनका मानिसहरू उक्त कुण्डलीलाई टिपन, भाग्य, कर्म, लेखन्त, भोग आदि नामले पुकार्ने गर्दछन् । विवेच्य क्षेत्रमा प्रचलित कतिपय लोकगीतमा ज्योतिष शास्त्रको होरास्कन्धको मान्यतालाई पछ्याइको पाइन्छ । उदाहरणका लागि यहाँ एक गीतको अंश प्रस्तुत गरिएको छः

हा ..हा.. घिन्ताङ घिन्ताङ मादल बज्यो कोसी किनारैमा
हा..हा.. कान्छा भाइको भाग्य छैन माझ निधारैमा

प्रस्तुत गीतमा कान्छा भाइको भाग्य छैन भनिएको छ । भाग्य अर्थात् लेखान्त जे भनिए पनि यो मान्यता ज्योतिषको होरास्कन्धबाट प्रभावित छ । यसै किसिमको विचार तलको गीतको अंशमा पनि पाइन्छ जहाँ कुण्डलीलाई कर्म भनिएको छः

कालेबुङको मैनाचरी
हा कर्म मेरो खोटी रै'छ,
कर्म मेरो खोटी रै'छ
ए मागी खानु पऱ्यो होइ,

यसैगरी अभागी कर्मका बारेमा चर्चा भएको विवेच्य क्षेत्रको अर्को लोकगीतको अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ :

सुनसानै लाग्छ बाटा र पाखा पानीको पँधेरो
अभागी रै'छ चेली र माइती तिहारै अँधेरो ।
अघिमा लाग्यौ बैसाकै मैना, पछिमा लाग्यो जेठ
कहाँ छौ कहाँ माइती राजा हुन्न कि हाम्रो भेट
नमान्नु पीर हौ माइती राजा कर्मको रै'छ खेल
थामिन्न राजै दुई आँखाबाट आँसुका बर्खे भेल ।

यसैगरी जातकको भविष्य राम्रो होस् भनी साइत जुराउने चलन पनि ज्योतिषको होरास्कन्धअन्तर्गत नै पर्दछ । साइत हेराउने प्रसङ्ग भएको एक गीतको अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ :

हेराउँला पात्रो नि जुराउँला साइत
मङ्सिरको लै–लै कुनै बार साइँलीमा बैनी हौ छ माया भन्दै आ'को
ए मङ्सिरको लै–लै कुनै बार साइँलीमा बैनी हौ छ माया भन्दै आ'को
सुनको सिक्री नि मै बैना दिन्छु
लाऊ कान्छी लै–लै चन्द्रहार
ए साइँलीमा बैनी हौ छ माया भन्दै आ'को

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कुमार ( सन् २०२०) काअनुसार ज्योतिषशास्त्रमा कन्याको विवाह माघ महिनामा गर्दा धनवती, फाल्गुनमा गर्दा शौभाग्यवती, वैशाख र जेठमा गर्दा पतिप्रिया अनि असारमा गर्दा कुलको वृद्धि गर्ने हुन्छिन् । अन्य महिना चैत, साउन, भदौ, असोज, कार्तिक र पुषमा विवाह वर्जित छ । कतिपय विद्वान्को मतअनुसार विवाह मङ्सिरमा शुभ हुन्छ (पृ. २४) । उल्लिखित भनाइ अनुरूप विवेच्य क्षेत्रमा पनि विवाहका महिना छान्ने चलन रहेको हुँदा यहाँका गीतमा पनि ज्योतिष शास्त्रका सो मत पाइन्छन् । उदाहरणका लागि चैनपुरका लोकगायक पर्वत श्रेष्ठले रेडियो नेपालमा रेकर्ड गरेको एक गीतको अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ :

बैसाकैको लगनै राम्रो
बिहाबारीको साइतै लैला
कन्ये केटा ल्याइदिएका छौं
हाँसी हाँसी दि' हाल लैला ।

विवेच्य क्षेत्रमा बसोवास गर्नेहरूले आफ्नो जन्म समयका आधारमा कुण्डली निर्माण गर्न लगाई जीवनभर अनेक कार्य प्रारम्भ गर्दा, टाढाको यात्रामा निस्कदा, बिरामी पर्दा, विवाह, ब्रतवन्ध आदि कार्य गर्नुपूर्व ज्योतिष हेराउने प्रचलन रहेको छ । यहाँका मानिसहरू उक्त कुण्डलीले बताएअनुसारको प्राप्त राम्रो तथा नराम्रो परिणमलाई कर्मको फल भन्ने गर्दछन् । यहाँका गीतमा कुण्डलीमा लेखेको मात्र पाइन्छ भन्ने भनाइ पनि आएका छन् । उदाहरणका लागि यहाँ एउटा गीतको अंश प्रस्तुत गरिएको छ :

न रुनु दिन्छ न हास्नु दिन्छ
मायाले मुटु चिरिन्छ
देखेर काँ हुन्छ, लेखेको पाइन्छ
नभन तेसरी, रुन्छ मन बेसरी
यो मनलाई बुझाउँ के गरी

प्रस्तुत गीतमा देखेर राम्रो लाग्दैनमा पाइँदैन, लेखान्त अर्थात कुण्डलीमा नै पाउने नपाउने लेखिएएको हुन्छ भनिएको छ । लोकजीवनमा टिपन मिलाएर मात्र बिहे गर्ने चलन समेत रहेको छ । उदाहरणका लागि विवेच्य क्षेत्रमा प्रचलित गीतको एक अंश यहा प्रस्तुत गरिएको छ :

जोगीले धारा संसारैबाट मै लुगा धुनेछु
पाकेको केराउ, जैसीलाई हेराऊ म तिम्रै हुनेछु
ए पाकेको केराउ, जैसीलाई हेराऊ म तिम्रै हुनेछु
आ है लरीबरी आ है.........................।

प्रस्तुत गीतमा जैसीलाई हेराएमा म तिम्रै हुनेछु भनी प्रस्तोताले भाव व्यक्त गरेको छ । यहाँ जैसी, ज्योतिषी, पण्डित, पुरेत आदिलाई घरबार गनुभन्दा अघि चिना अर्थात कुण्डली देखाउने प्रसङ्गको सङ्केत गरिएको हो । यसै प्रकारको अर्को गीतको एक अंश यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ :

लगन जुराई लाने हो साइतैमा
छोरीलाई सुहाउन्न माइतैमा
दिलैमा के रोग लाग्यो नि.....(लिम्बू, २०६८, पृ. ७४)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

प्रस्तुत गीतको अंशमा पनि ज्योतिष शास्त्रको लगन हेर्ने, साइत जुराउने विषयको कुरा उठान गरिएको छ । यसरी विवेच्य क्षेत्रका धेरै लोकगीतहरूमा ज्योतिष शास्त्रको होरास्कन्धको सिद्धान्तलाई स्वीकार गरिएका प्रशङ्गहरू पाइन्छन् ।

## निष्कर्ष

शास्त्रीय विषयको रूपमा स्थापित ज्योतिषका अनेक शब्द, पदावली, पारिभाषिक शब्द तथा मान्यताहरू समेत अरूण उपत्यकामा प्रचलित नेपाली लोकगीतहरूमा पाइन्छन् । लोकगीत एक अकृत्रिम मौखिक साहित्य हो । नेपाली लोकगीत गाउँघरे भावुक हृदयको स्पन्दनशील लयदार कवितामय सामूहिक ध्वनि हो । यी गीत सर्वसाधारण लोकजनको कण्ठबाट स्वतस्फुर्त प्रकट हुन्छन् । यस किसिमका लोक साहित्यमा शास्त्रीय विषयका अनेक पक्षहरू पाइनुले लोक र शास्त्रलाई फरक नजरले हेर्नुपर्छ भन्ने मतको खण्डन हुन्छ । लोक र शास्त्रीय विषयहरू साथसाथै अध्ययन गर्नुपर्छ । शास्त्रीय विषयहरू लोकबाट नै परिस्कृत भएर आएका हुन् भन्ने आधार पनि लोकगीतमा पाइएका ज्योतिषका विविध पक्षहरूले पुष्टि गर्दछन् ।

## सन्दर्भसामग्री

आर. डी. र एल.एल.(२०२३), *नेपालका विभिन्न जाति र लोकगीत,* जगदम्बा प्रकाशन ।

कुमार, बिपिन (सन् २०२०), विवाह मुहूर्तः एक अनुशीलन, https://www.jyotishajournal.com/pdf/2020/vol5issue1/PartA/4-2-16-416.pdf-Vol- 5, Isssue-1, Pages 23-27_ .

खेमका, राधेश्याम (सन् २०१४), ज्योतिषशास्त्र–एक विश्लेषण, *कल्याण* (वर्ष ८८, अङ्क १, पृ २५–३६) , गीताप्रेस ।

गुरुङ, खेमराज (२०६९), *ढाक्रे,* आदिवासी गीतकार समाज ।

झा, अच्युतानन्द (सन् १९९७), *बृहत्संहिता,* चौखम्बा विद्याभवन ।

थापा, धर्मराज (२०२०), *हाम्रो लोकगीत,* रेडियो नेपाल ।

निरौला, कुलराज (२०७०), *सँगिनी लोकगाथाको सन्दर्भपरक अध्ययन,* अप्रकाशित शोध प्रबन्ध त्रिभुवन विश्वविद्यालय ।

लिम्बू,राजकुमार (२०६८), *सङ्खुवासभा जिल्लाको सिद्धपोखरी र सिद्धकाली गा.वि.स. भित्र प्रचलित लोकगीतहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*